## के बाइबलले कहिल्यै पुरूष/स्त्रीहरूको भूमिका बारे बताएका छन् ?

**छैन!** पुरूष र स्त्री बीचको भूमिका छुट्याउने कुनै बाइबलीय पद छैन। बाइबलले कहिल्यै पनि "नेतृत्व गर्ने काम पुरूषको हो" वा "खाना पकाउने काम स्त्रीको हो" भनी बताउदैन। साँचो परिभाषा अनुसार, भूमिकाहरू आदानप्रदान गरिने योग्य हुन्छन्। एउटै काम धैरै व्यक्तिहरूले गर्न सक्छन्। चाहे पुरूष वा स्त्रीद्वारा गरिने कुनै पनि कामको निर्धारण प्रायः सांस्कृतिक सन्दर्भले गर्दछ। तर जब ख्रिष्टियन नेतृत्वको कुरा आउँछ, केही व्यक्तिहरूले भूमिकाको परिभाषा परिवर्तन गरेका छन, नेतृत्वलाई निश्चित, स्थायी र लिङ्गमा आधारित भनी वर्णन गरेका छन्।

मुख्य शब्द

**जिम्मेवार**

मानिसले गर्ने काम

**पुरूष तथा स्त्रीका लागि नमूना "भूमिका" प्रश्नहरू**

| | | |
|---|---|---|
| पकाउने जिम्मेवारी कसको हो? | रेस्टुरेन्टमा सेफ हुनु कसको काम हो? | बालबालिकालाई चेलापन दिने कसको काम हो? |
| हवाइ जहाज उडाउने जिम्मेवारी कसको हो? | कारखानामा काम गर्नु कसको जिम्मृवारी हो? | कपडा सिउने काम कसको हो? |
| छोराछोरीलाई सिकाउने जिम्मेवारी कसको हो? | असायलाई साहयता गर्नु कसको काम हो? | खेतीपातीको काम कसको जिम्मेवारी हो? |
| ओछ्यान मिलाउने जिम्मेवारी कसको हो? | शहर, प्रदेश वा देशमा शासन गर्नु कसको काम हो? | टोकरी बुन्ने काम कसको हो? |
| घाँस काट्ने काम कसको हो ? | समाचार पसारणमा कसको भूमिका हुन्छ? | प्रार्थना गर्नु कसको जिम्मेवारी हो? |
| डायपर परिवर्तन गर्ने काम कसको हो? | आथिक व्यवस्थापनमा कसको जिम्मेवारी हो? | सुसमाचारको साक्षी दिने जिम्मेवारी कसको हो? |

### "निम्न तहको भूमिका" को संक्षिप्त इतिहास

धेरैजसो सबै पुरातन चर्चका फादरहरूले पुरूषहरू स्त्रीहरू भन्दा माथि छन् भन्ने विश्वास गर्थे। १९६० भन्दा पहिलेको हरेक बाइबलीय टिप्पणीले भनेका थिए कि पुरूष पहिलो र उच्च छ। तर १९६० को दशकमा पश्चिममा महिला अधिकार आन्दोलनले आकर्षण प्राप्त गऱ्यो र महिलाहरूको आवाज बलियो भयो। ईश्वरशास्त्रीहरूले संस्कृतिको कारणले उच्च/निच शब्दवलीलाई परिमार्जन गर्न आवश्यक महसुस गरे। कतिपय ईश्वरशास्त्रीहरूले पुरूषको प्रभुत्वलाई कसरी कायम राख्न सकिन्छ भनेर सोचेका थिए। त्यसपछि १९७७मा, *नयाँ करारमा पति र पत्नीबीचको सम्बन्धको भूमिका* नामक पुस्तकले खीष्टियन पदानुक्रमित ईसाइ नयाँ शब्दावली प्रदान गरे... "पुरूष र स्त्री सारमा समान छन्, तर भूमिकामा फरक छन्।" लेखकले स्त्रीहरू *प्रकृति* वा *अस्तित्वमा* निम्न नभई *भूमिका, कार्य र अधिकारमा* निम्न *थिए* भनेर बताएका छन्। हेर्नुहोस्! चाँडै, ईश्वरशास्त्रीहरूले भूमिकाहरू *पहिचान गरे,* भूमिकाहरूलाई *क्रमबद्ध गरे,* र महिलाहरूका निम्ति केही भूमिकाहरू *बन्द गरे*। तिनीहरूले स्त्रीको निम्न तहको भूमिकालाई *स्थायी बनाए,* र धैरेले यस बारे समर्थन प्राप्त गर्न त्रिएकत्वको आधार लिए।

### त्रिएक परमेश्वर अनन्त रूपमा असमान (निम्न तहको भूमिका) हुनुहुन्छ? के!

लेखकले पुरूष/स्त्रीहरू "भिन्न", जसको अर्थ "असमान" भएको दाबी गरे। आफ्नो पदको रक्षा गर्न, तिनले त्रिएकत्व भित्र पुरूष/स्त्रीको "निम्न तहको भूमिका"मा आधारित छ! तिनले त्रिएक ईश्वरका अधिकार, शक्ति र इच्छामा अनन्तरूपम असमान भएको दाबी गर्दै पिता, पुत्र र पवित्र आत्माको कामलाई क्रमबद्ध गरे। केही वर्तमान, प्रख्यात बाइबल शिक्षकहरूले पनि "आज्ञा दिने पिता" र "आज्ञाकारी पुत्र" (जुन कुरा हामी अवतारमा देख्छौं) अनन्तकालसम्म बिस्तारित हुने दाबी गर्छन्। स्थायी पुरूष प्रभुत्व र महिला अधीनताको आफ्नो पदको रक्षा गर्न त्रिएकत्वलाई विकृत गर्ने बाइबल शिक्षकबाट सावधान रहनुहोस्।

## परमेश्वरले पुरूष तथा स्त्रीलाई जीवविज्ञान अनुसार फरक बनाउनुभएको छ, तर काममा होइन।

### निष्कर्ष

त्रिएकत्वलाई एक्लै छोड्नुहोस्! "भूमिकाहरू" ईश्वशास्त्रीय सठिकता सँग बोल्ने एक भयानक तरिका हो। पुरूष र स्त्री निश्चय नै सारमा समान छन्, र तिनीहरू पक्कै पनि लैंगिकता वा जीवविज्ञानको आधारमा भिन्न छन्, तर परमेश्वरको क्षमतामा होइन जो उहाँले इच्छा बमोजिम दिनुहुन्छ। परमेश्वरले पुरुष र स्त्री दुवैलाई संसारको प्रभुत्व साझेदारी गर्नको लागि सृष्टि गर्नुभएको हो (उत्पत्ति १:२८)!

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com